**बैठक संख्या - १०**

**बैठक सञ्चालन मिति २०८०/१/९ गते**

**प्रस्तावहरु :**

(क) विभिन्न शिर्षकमा नपुग रकम अन्य शिर्षकबाट रकमान्तर गर्ने सम्बन्धमा,

(ख) विभिन्न कोष तथा मौज्दात रकमबाट विभिन्न योजनामा भएको खर्च अनुमोदन तथा रकम बिनियोजन गर्ने सम्बन्धमा ।

(ग) विभिन्न विद्यालयको लागि कक्षा थप अनुमती दिने अनुमोदन गर्ने सम्बन्धमा,

(घ) स्थानीय पाठ्यपुस्तक लेखन कार्यको म्याद थप गर्ने सम्बन्धमा,

(ङ) नगर अस्पतालको डिजाईन पुन स्वीकृती तथा लागत अनुमानको Veriation Order स्वीकृती सम्बन्धमा ।

**निर्णय नं. १**

यस नगरपालिकाको एघारौं नगरसभाले रकम बिनियोजन गरेका केही शिर्षकको काम नहुने अवस्था रहेको र अन्य केही शिर्षकमा कार्यक्रम सम्पन्न गर्नको लागि रकम नपुग हुन जाँदा कार्यक्रम प्रभावित हुन जाने भएकोले देहाय बमोजिमका शिर्षकबाट देहाय बमोजिमका शिर्षकमा देहाय बमोजिमको रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३२(३) बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

| क. सं. | कार्यक्रम/योजनाको नाम | बिनियोजित बजेट | घटाउने | बढाउने | कायम हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अतिथि गृह भवन निर्माण | ५०,००,०००।- | ५०,००,०००।- | ० | ० | यस वर्ष योजना सञ्चालन नगरिने भएकोले |
| २ | नगरस्तरीय विविध कार्यक्रम | १,००,००,०००।- | ० | ५०,००,०००।- | १,५०,००,०००।- | अत्यावश्यक योजनामा रकम आवश्यक भएकोले |
| ३ | प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्टता हासिल गर्न खेलाडीलाई सम्मान तथा पुरुस्कार | ३,००,०००।- | १,५०,०००।- | ० | १,५०,०००।- | हालसम्म यस शिर्षकमा रकम खर्च नभएकोले |
| ४ | जनप्रतिनिधि तथा कर्मचारी बीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता | १,००,०००।- | १,००,०००।- | ० | ० | अन्य शिर्षकबाट कार्यक्रम सम्पन्न भई सकेकोले |
| ५ | नगर प्रमुख कप नगरस्तरीय खेलकुद कार्यक्रम | ६,००,०००।- | ० | २,५०,०००।- | ८,५०,०००।- | कार्यक्रम सञ्चालनको लागि रकम नपुग हुने भएकोले |

**निर्णय नं. २**

(क) यस नगरपालिका वडा नं. ५ को बुढौली चोकको कुलोमा दायाँ बाँया कंक्रिटवाल निर्माण गरी भुक्तानी गर्ने गरी नगर प्रमुखबाट मिति २०७९/१२/२५ मा भएको निर्णय अनुमोदन गर्दै सो योजनाको लागि मूल्याङ्कनका आधारमा मर्मत संभारकोष बाट भएको खर्च रु.४,८६,१७७- अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि फोहरमैला ढुवानी गर्ने ट्याक्टरको भाडा रकम भुक्तानी २०७९ माघ मसान्तसम्मको भएको, फोहरमैला ढुवानी गर्ने संस्थासंगको सम्झौता अवधि २०८० बैशाख १५ सम्म रहेकोले सो अवधिसम्मको लागि सम्झौता बमोजिम भुक्तानी गर्नु पर्ने रकम मौज्दात नरहेकोले नपुग हुने रकम रु. ५,९०,३३०।- विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

(ग) देहाय बमोजिमका योजनाहरुमा देहाय बमोजिमको रकम नगरस्तरीय विविध कार्यक्रम शिर्षकमा मौज्दात रहेको रकम तथा विभिन्न कोषहरुबाट बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | वडा नं. | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | हडखलेको घर देखी अर्जुन सेढाईको घरसम्म अधुरो पिच | २ | १६,००,०००।- | ड्याक निर्माणको बिलो रकमबाट |
| २ | वडा नं. २ र ८ को सिमानामा अधुरो मोजाईक टाईल | २/८ | १,५०,०००।- | |
| ३ | शिवालय चोक देखि वडा कार्यालय जाने बाटो पिच | ४ | ७,००,०००।- | |
| ४ | लेकाली टोलबाट खानेपानी जानेबाटो ढलान | ४ | १,५६,०००।- | |
| ५ | गजुरेल टोलमा ग्राभेल | ७ | १,३०,०००।- | |
| ६ | ईन्दिरा पौडेलको घरबाट पुरुषोत्तम लामिछानेको घरसम्म नाला निर्माण | ८ | ५,००,०००।- | |
| ७ | यामाहा सो रुम अगाडिको कल्भर्ट निर्माण कार्यमा थप | ८ | १,५०,०००।- | |
| ८ | बाबुराम महतोको खेतबाट भजुराम चौधरीको घरसम्म अधुरो नाला | ९ | १,३५,०००।- | |
| ९ | बाग्लुङ्ग टोलबाट पोखेली टोल जाने बाटोमा अधुरो ढलान निर्माण | ९ | ४,००,०००।- | |
| १० | शान्ति बजार जाने पुलको दक्षिण पट्टि ढलान | १० | ७,००,०००।- | |
| ११ | ब्रम्हस्थानी टोल चोक देखि यमराजको खेतसम्म ग्राभेल | १० | १,५०,०००।- | |
| १२ | जीवनपुरबाट सोहनपुर जाने पुल ग्याबिङ्ग लगाउने | १० | ४,८०,०००।- | ड्याक निर्माणको बिलो रकमबाट |
| १३ | कठार खानेपानी | १०/११ | ७,००,०००।- | |
| १४ | सोहनपुरबाट गैडा जोडने कलभर्ट निर्माण | ११ | ६,६०,०००।- | |
| १५ | पिद्रहनी दरै संग्राहलयमा पिलर भर्ने कार्य | ११ | १,००,०००।- | |
| १६ | हरियाली पार्क नजिकको कल्भर्ट निर्माण | ११ | ३,२७,०००।- | मर्मत संभार कोष |
| १७ | सानाकिसान भवन अगाडि ढलान तथा मोजाईक टाईल लगाउनको | १३ | ८,००,०००।- | स्थानीय विकास कोष |
| | जम्मा | | १,२३,८८,००० | |

**निर्णय नं. ३**

यस नगरपालिका अन्तरगत सञ्चालीत तपसिल बमोजिमका विद्यालयले शैक्षिकसत्र २०८० देखि कक्षा थपको अनुमती माग गरी निवेदन पेश गरेकोमा नगर शिक्षा समितिको मिति २०७९।१२।२४ को बैठकले खैरहनी नगरपालिका शिक्षा ऐन २०७४ तथा खैरहनी शिक्षा नियमावली २०७५ बमोजिम शैक्षिकसत्र २०८० देखि कक्षा सञ्चालन गर्ने गरी अनुमती प्रदान गर्न कार्यपालिकामा पेश गर्ने भनी निर्णय गरेकोले सो निर्णयलाई अनुमोदन गरी कक्षा थपको अनुमती दिने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालीत कक्षा | अनुमती माग गरेको कक्षा | अनुमती दिईने कक्षा | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | रा.आ.वि. मगनी | खैरहनी - ८ | कक्षा १ - ७ | कक्षा ८ | कक्षा ८ | |
| २ | रा.आ.वि.टुङ्गारा | खैरहनी - ३ | कक्षा १ - ४ | कक्षा ५ | कक्षा ५ | |

**निर्णय नं. ४**

यस नगरपालिका क्षेत्रमा सञ्चालीत विद्यालयहरुमा पठनपाठन गर्नको लागि स्थानीय पाठ्य सामाग्री तयार भई सकेको र सो अनुसार पुस्तक लेखन कार्यको लागि टोखा नगरपालिका वडा नं. ४ काठमाडौ बस्ने श्री सञ्जविनी योञ्जन श्रेष्ठसंग मिति २०७९/७/२९ मा सम्झौता भएको मितिले ३ महिना १५ दिनमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा श्री सञ्जविनी योञ्जन श्रेष्ठले तोकिएको समयावधि भित्र तोकिएको कार्य सम्पन्न गर्न नसकिने भएकोले म्याद थपको लागि निवेदन पेश गरेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम २०८० बैसाख २० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगरपालिका अन्तरगत सञ्चालीत खैरहनी नगर अस्पतालको भवन निर्माण गर्न ड्रईङ्ग, डिजाईन तथा DPR तयार गरी भवन निर्माणको प्रक्रिया अगाडि बढाउनुको साथ साथै सो अस्पतालका ड्रईङ्ग, डिजाईन पुनरावलोकनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाईएकोमा सो मन्त्रालयबाट अस्पतालको ड्रईङ्ग, डिजाईन पुनरावलोकन गरी प्राप्त भएकोले सो मन्त्रालयबाट प्राप्त परिवर्तित ड्रईङ्ग, डिजाईनलाई स्वीकृत गरी सोको आधारमा कायम भएको लागत अनुमान वृद्धिलाई समेत कुल परियोजना लागत कायम गरी Variation Order स्वीकृती गर्ने निर्णय गरियो ।